# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष:४१ २०६६ जेठ अङ्क :७


## क्याम्पस प्रमुखहरूको गोष्ठी सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पसका प्रमुखहरूका लागि आयोजित दोस्रो चरणको गोष्ठी जेठ २२ गते सम्पन्न भएको छ ।

त्रि.वि. जनशक्ति तथा कल्याण परिषद् र व्यवस्थापन संकायद्वारा संयुक्तरूपमा आयोजित एक हप्ते सो शिक्षा दिन सकेका कारण अन्य देशका विश्वविद्यालयले विदेशी विद्यार्थीहरूलाई तान्न सकेको दृष्टान्तलाई त्रि.वि.ले पनि अनुकरण गरी गुणस्तरीयता कायम गर्न सक्नुपर्ने र त्यसका लागि प्रवेश परीक्षा र विद्यार्थीको कक्षा उपस्थितिको पनि ठूलो भूमिका रहने भए तापनि त्रि.वि.ले



त्रि.वि.का आंगिक क्याम्पसका प्रमुखहरूका लागि आयोजित दोस्रो चरणको गोष्ठीका सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुहुँदै उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा ।
*(तस्वीर : त्रि.वि. सूचना शाखा)*

गोष्ठीमा ११ वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। गोष्ठीमा उपत्यकाभित्र र बाहिरका ३२ वटा आंगिक क्याम्पसका प्रमुखहरूको सहभागिता रहेको थियो ।

सहभागीहरूलाई त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले एक समारोहका बीच जेठ २२ गते प्रमाणपत्र वितरण गर्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. शर्माले गुणस्तरीय कारणवश यसलाई लागू गर्न नसकिरहेको बताउनुभयो ।

समारोहमा सभापतिको आसनबाट बोल्दै शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले केन्द्रीकृत राज्य सत्ता भएन भनेर देशमा संघीय शासन व्यवस्था ल्याउन नयाँ संविधान निर्माण भइरहेको सन्दर्भमा त्रि.वि.का आंगिक क्याम्पसहरू पनि केन्द्रीय नियन्त्रणबाट मुक्त भई विकेन्द्रीकरणमा जानै पर्ने बताउनुभयो ।

यसैगरी रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले त्रि.वि.का क्याम्पस, कार्यालयहरूका प्रशासन प्रमुखदेखि लिएर प्रशासन अधिकृत, लेखा अधिकृत, लेखापाल, हेड असिस्टेन्टलगायतलाई त्रि.वि.ले तालिम दिन शुरू गरिसकेको र सोही क्रममा अहिले क्याम्पस प्रमुखहरूका लागि पनि दोस्रो चरणको गोष्ठी आयोजना हुनुले अब त्रि.वि.का क्याम्पस/कार्यालय संचालनमा सहजता आउने आशा व्यक्त गर्नुभयो ।

व्यवस्थापन संकायका डीन तथा गोष्ठीका संयोजक प्रा.डा. गोविन्दप्रसाद आचार्यले गोष्ठीको निचोड प्रस्तुत गर्दै त्रि.वि.ले सामना गरिरहेको चुनौतीसँग सामना गर्न र त्रि.वि.लाई अगाडि बढाउन नयाँ सोचको आवश्यता छ र त्यो नयाँ सोच उजागर गर्न गोष्ठी सहायक भएको विचार व्यक्त गर्नुभयो ।

नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्यायले त्रि.वि. केन्द्रीय कार्यालय र त्रि.वि.कै क्याम्पसबीच कामको सिलसिलामा कैयौं असमझदारी रहने गरेकोमा अब यो गोष्ठीले त्यस्तो असमझदारी हटाउन सहयोग पुऱ्याउने आशा व्यक्त गर्दै क्याम्पस भनेको त्रि.वि.का नीति निर्णयहरू कार्यान्वयन गर्ने अग्रिम मोर्चा भएकाले त्रि.वि.लाई नयाँ प्रतिबद्धताका साथ अगाडि बढाउन पनि यो गोष्ठी प्रस्थान विन्दु साबित हुने बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघका सभापति शिवप्रसाद मुनकर्मीले यस गोष्ठीले क्याम्पसहरूले प्रशासनिक, आर्थिक, कानुनी आदि पक्षमा सामना गरिरहेको समस्या समाधान गर्ने उपायबारे

*(बाँकी अन्तिम पृष्ठमा)*

## सम्पादकीय

# त्रि.वि.को चुनौतीको पहिचान

त्रि.वि. व्यवस्थापन संकाय र त्रि.वि. जनशक्ति तथा कल्याण परिषद्ले त्रि.वि.का आंगिक क्याम्पसका प्रमुखहरूका लागि संयुक्तरूपमा आयोजित एक हप्ते गोष्ठी सम्पन्न भएको छ। जेठ १७ देखि २२ गतेसम्म आयोजित उक्त कार्यक्रममा त्रि.वि. का ६० वटा आंगिक क्याम्पसमध्ये उपत्यका बाहिरका २८ वटा तथा उपत्यकाका ४ वटा क्याम्पसका प्रमुखहरूको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा त्रि.वि.लाई विकास, उन्नति, प्रगतिको पथमा लम्काउन भावी योजना, नीति तथा कार्यक्रमसहितका ११ वटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो। प्रा. उपेन्द्रबहादुर प्रधानाङ्गले त्रि.वि. आंगिक क्याम्पसको विकेन्द्रीकरण प्रक्रिया, प्रा.डा. हृदयरत्न वज्राचार्यले त्रि.वि. आंगिक क्याम्पसको स्वायत्तताः सम्भावना तथा चुनौतीहरू, प्रा.डा. वासुदेव काफ्लेले शैक्षिक प्रशासनः त्रि.वि.को सन्दर्भ, उदयबहादुर सिलवालले त्रि.वि.को अनुगमन प्रणालीः चुनौती र भावी दिशा, प्रा.डा. देवराज अधिकारीले शैक्षिक संस्थाहरूमा ज्ञानको व्यवस्थापन, डा. श्रीकृष्ण श्रेष्ठले जनप्रशासन क्याम्पस, प्रा.डा. सन्तोष पौडेलले सरोकारवालाहरूको सम्बन्ध व्यवस्थापन, प्रा.डा. पेशल दाहालले त्रि.वि.मा रोजगार तथा छनोट प्रक्रिया, बाबुराम भट्टराईले स्थलगत निरीक्षण र अनुभव आदानप्रदान र दयामान कर्माचार्यले त्रि.वि.मा परीक्षाः प्रक्रिया, व्यवस्थापन र चुनौतीहरूको सन्दर्भ शीर्षकमा प्रस्तुत कार्यपत्रमाथि सहभागी क्याम्पस प्रमुखहरू तथा उक्त विषयका ज्ञाताहरूले व्यापक छलफल गरी त्रि.वि.को चुनौती र अवसरको पहिचान तथा समस्याको समाधान गरी अगाडि बढ्ने प्रतिबद्धता जाहेर गरेका थिए ।

उक्त कार्यक्रममा त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा, शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य, रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारी र गोष्ठीका संयोजक डीन प्रा.डा. गोविन्दप्रसाद आचार्यले गोष्ठीलाई सम्बोधन गर्ने क्रममा त्रि.वि.ले दिने शिक्षालाई अझ गुणस्तरीय बनाउन प्रवेश परीक्षा व्यवस्था गर्नुपर्ने, कक्षामा विद्यार्थीको उपस्थिति बढाउनु पर्ने, त्रि.वि.का आंगिक क्याम्पसहरूलाई केन्द्रीय नियन्त्रणबाट मुक्त गरी विकेन्द्रीकरणमा जान क्याम्पसहरूलाई प्रेरित गर्नुपर्ने धारणा राख्नुभएको थियो । त्रि.वि.ले यसअघि पनि पहिलो चरणमा उपत्यकाका क्याम्पस प्रमुखहरूका लागि यस्तै प्रकारको गोष्ठी आयोजना गरिसकेको छ। यसै क्रममा यो दोस्रो चरणको गोष्ठी हो । यसबाहेक त्रि.वि.का विभिन्न कार्यालयका प्रशासन प्रमुखदेखि लिएर प्रशासन अधिकृत, लेखा अधिकृत , लेखापाल, हेड असिस्टेन्टलगायतलाई सक्षम, योग्य तथा दक्ष बनाउन विगत केही समयदेखि त्रि.वि.ले तालिम दिन शुरू गरेको छ । यी गोष्ठी र तालिमको निचोडमा त्रि.वि.ले सामना गरिरहेको चुनौतीसँग सामना गर्नु र यस संस्थालाई नयाँ नयाँ विषयको अध्ययन अध्यापनसँगै नयाँ सोच, जोश र जाँगरका साथ निर्विघ्न अगाडि बढाउनु आदि रहेको छ। त्रि.वि.का चुनौतीहरू पहिचान गरी समाधान गर्न उपकुलपति प्रा.डा. शर्मा, शिक्षाध्यक्ष प्रा.डा. अमात्य र रजिस्ट्रार प्रा.डा. अधिकारी प्रतिबद्धताकासाथ दिन-रात, घाम-पानी, जाडो-गर्मी, निन्द्रा–आराम नभनिकन अहोरात्र खटिएर लगनशील भएर मन, वचन र कर्मले सेवा पुऱ्याउनु भएको कारण त्रि.वि. विकास-निर्माणमा सफल हुनेछ भनेर आशा भरोसा गर्न सकिन्छ ।

# केन्द्रीय पुस्तकालयद्वारा सीआईपी सेवा शुरू

काठमाडौं। त्रिभुवन विश्वविद्यालयको स्वर्ण जयन्तीको उपलक्ष्यमा त्रि.वि. केन्द्रीय पुस्तकालयले नेपालमा पहिलो पटक सी.आई.पी. (क्याटलगिङ इन पब्लिकेशन) सेवा शुरू गरेको छ ।

राष्ट्रिय पुस्तकालयहरूले प्रदान गर्ने विशिष्ट सेवा मानिने सी.आई.पी. सेवा विश्वका धेरै मुलुकका आफ्ना प्रकाशनहरूमा राख्ने प्रचलन शुरू भइसकेको र त्रि.वि. केन्द्रीय पुस्तकालयले संयुक्त राज्य अमेरिकाको लाइब्रेरी अफ कंग्रेसले प्रयोग गरेको सी.आई.पी. प्रणालीलाई अनुसरण गरेको सो पुस्तकालयले जनाएको छ ।

प्रकाशनहरूमा सी.आई.पी. राख्नाले त्यसको वैज्ञानिक व्यवस्थापन र गुणस्तरीयता वृद्धि गर्न पुस्तकालय/प्रकाशक/विक्रेतालाई ठूलो सहयोग पुग्ने पनि केन्द्रीय पुस्तकालयले उल्लेख गरेको छ ।

केन्द्रीय पुस्तकालयले साझा प्रकाशनका २०६६ सालदेखिका पुस्तकहरूमा सी.आई.पी. दिन शुरू गरेको छ। पुस्तकालयले सो प्रणालीलाई सहयोग गर्न नेपालका विशिष्ट पुस्तकालयहरू, नेपाल पुस्तकालय संघलगायत पुस्तकालय पेशा तथा बौद्धिक समुदाय सबैसँग अनुरोध गरेको छ ।

***पुस्तकहरू सहयोग***

यसैबीच केन्द्रीय पुस्तकालयलाई विभिन्न १५ शीर्षकका ३२ थान पुस्तक नेपाल सरकारका पूर्व सचिव तथा सर्वाङ्गिण विकास अध्ययन केन्द्रका पूर्व कार्यकारी निर्देशक डा. द्वारिकानाथ ढुंगेलले सहयोगस्वरुप प्रदान गर्नुभएको छ । ती पुस्तकहरू त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूयलाल अमात्यलाई जेठ २६ गते हस्तास्तरण गरिएको थियो। प्रदान गरिएका पुस्तकमा डा. ढुंगेल र सन्तबहादुर पुनद्वारा सम्पादित दि नेपाल-इन्डिया वाटर रिसोर्सेज रिलेशनशिपः च्यालेन्जेज शीर्षकको पुस्तक पनि रहेको छ ।

सोही अवसरमा आदित्यमान श्रेष्ठले पनि आफ्ना दुई पुस्तक सहयोगस्वरुप केन्द्रीय पुस्तकालयलाई हस्तास्तरण गर्नुभएको थियो ।

# सेडाको ४१औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं। त्रिभुवन विश्वविद्यालय आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेडा) को ४१औं वार्षिकोत्सव समारोहको उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले जेठ १ गते उद्घाटन गर्नुभयो ।

त्यस अवसरमा प्रमुख अतिथिको आसनबाट बोल्दै उपकुलपति प्रा.डा. शर्माले विगतमा सेडाले अनुसन्धान र तालिम दुवै क्षेत्रमा पुऱ्याएको योगदानलाई आवश्यक रहेको बताउनुभयो ।

शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले सेडाले आफ्नो स्थापनादेखि केही समयसम्म विभिन्न महत्त्वपूर्ण अनुसन्धानात्मक कार्यका साथै सरकारी कर्मचारीलाई तालिम दिने भूमिका जिम्मेवारीपूर्ण ढंगले पूरा गरी वर्तमानको स्टाफ कलेज सरहको छवि बनाउन सफल भएको स्मरण गराउँदै समयको अन्तरालमा



**त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा सेडाको ४१औं वार्षिकोत्सवको उपलक्ष्यमा सेडाका पूर्व कार्यकारी निर्देशक रमेश चित्रकारको सम्मान गर्नुहुँदै ।** *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

सम्झेर अहिले फेरि यस केन्द्रलाई त्यो भन्दा पनि राम्रो ढंगले अगाडि बढाउनुपर्ने बताउनुभयो ।

देश अहिले संक्रमणकालमा रहेकोले त्यसको प्रभाव विश्वविद्यालयमा पनि पर्नु स्वाभाविक भएको बताउँदै उहाँले वर्तमानको संक्रमणकालमा त्रि.वि.ले जुन ढंगले पाइला चाल्छ त्यसको असर दीर्घकालसम्म पनि पर्ने भएकाले राम्रा र सुदृढ काम थाल्ने तर्फ हामी लाग्नु पर्छ भन्नुभयो ।

त्रि.वि. सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले स्थापनाको ५० वर्ष पुगेको उपलक्ष्यमा स्वर्ण जयन्ती मनाउने क्रममा रहेको त्रि.वि.ले अहिले ठूलो चुनौतीसँग सामना गरिरहेको बताउँदै त्रि.वि.लाई निकास दिन नेतृत्व तहसँगै यससँग आबद्ध सबै पक्षको सामूहिक प्रयास सेडाको त्यो भूमिकामा अहिले कमी आएकोले यसलाई फेरि सक्रिय बनाउनेतिर पाइला चाल्नु आवश्यक भइसकेको बताउनुभयो ।

यसैगरी रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले जुन उद्देश्यले ४० वर्षअघि सेडाको स्थापना भयो त्यो उद्देश्य प्राप्त गर्न सकेका छौं कि छैनौं, यदि सकेका छैनौं भने त्यसको कारण खोतल्नु पर्ने बताउँदै अनुसन्धान केन्द्रहरू त्रि.वि.का महत्त्वपूर्ण अंग भएकाले यसको सुदृढ संचालनमा ध्यान पुऱ्याउनु जरुरी छ भन्नुभयो ।

समारोहमा सभापतिको आसनबाट बोल्दै सेडाका कार्यकारी निर्देशक भरत पोखरेलले नेपालमा बहुविश्वविद्यालयको अवधारणा आएपछि

*(बांकी पृष्ठ ५मा)*

# मानविकी संकाय विद्यापरिषद् बैठक सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायको विद्यापरिषद् बैठक जेठ १४ गते सम्पन्न भएको छ ।

बैठकलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले विश्वविद्यालयले आफ्ना नीतिगत समस्याहरू समाधान गर्दै उच्च शिक्षाको गुणस्तर अभिवृद्धिलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सभापतिको आसनबाट संकायका डीन प्रा.डा. नवराज कणेलले परिषद्का विभिन्न प्रस्तावहरूबारेमा प्रकाश पार्नुभएको थियो । सहायक डीन उत्तमराज भट्टराईले धन्यवाद ज्ञापन गर्नुभएको सो बैठकमा अर्का सहायक डीन डा. ताराकान्त पाण्डेयले पनि बोल्नु भएको थियो ।

## त्रिवि बुलेटिन वेबसाइटमा

त्रिभुवन विश्वविद्यालय सूचना शाखाबाट प्रकाशित त्रिवि बुलेटिन वेबसाइटमा उपलब्ध छ :

WWW.tribhuvan-university.edu.np

## अनुरोध

मासिक प्रकाशन ***त्रिभुवन विश्वविद्यालय बुलेटिन***मा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा त्रिविका अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

**त्रि.वि. सूचना शाखा**

# पद्मकन्या क्याम्पसमा मेला आयोजना

काठमाडौं। त्रिभुवन विश्वविद्यालयको स्वर्ण जयन्तीको उपलक्ष्यमा पद्म कन्या बहुमुखी क्याम्पस गृह विज्ञान विभागले जेठ १२ र १३ गते प्रदर्शनी तथा विक्री मेला आयोजना गरेको छ।



त्रि.वि.को स्वर्ण जयन्तीको उपलक्ष्यमा पद्मकन्या ब.क्याम्पस गृह विज्ञान विभागद्वारा आयोजित प्रदर्शनी तथा विक्री मेलाको उद्घाटन गर्नुहुँदै क्याम्पस प्रमुख इरेन श्रेष्ठ। *(तस्वीर : पद्मकन्या क्याम्पस)*

क्याम्पस परिसरमा आयोजित सो मेलाबाट उठेको रकमबाट विभागको छुट्टै कोष खडा गरी विभाग र क्याम्पसको कल्याणकारी काममा लगाउने लक्ष्य राखिएको छ।

क्याम्पस प्रमुख इरेन श्रेष्ठले जेठ १२ गते मेलाको उद्घाटन गर्दै यस किसिमको कार्यक्रमले क्याम्पसको वातावरण सुधार्न टेवा पुर्‍याउने भएकाले अन्य विभागहरूले पनि विविध कार्यक्रम संचालन गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो।

समारोहमा गृह विज्ञान केन्द्रीय विभागका प्रमुख प्रा.डा. हरिन्दर थपलियाले यसप्रकारको कार्यक्रमले प्राध्यापक र विद्यार्थीले आ-आफ्नो प्रतिभा प्रस्तुत गर्ने मौका पाउनुका साथै विभागका लागि केही हदसम्म आर्थिक रूपले सवल बनाउने विश्वास व्यक्त गर्नुभयो।

यसैगरी क्याम्पसको गृह विज्ञान विभागका अध्यक्ष अमा वैद्यले स्वागत मन्तव्य दिँदै विभागका प्राध्यापकहरूको सहयोगबाट यो कार्यक्रम गर्न सम्भव भएको र निकट भविष्यमै 'डाइट एन्ड डिजिज' सम्बन्धी जानकारीमूलक खाद्य मेला संचालन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो।

प्राध्यापक संघ पद्म कन्या क्याम्पस एकाइका सभापति रमेश श्रेष्ठले यसप्रकारको कार्यक्रमले क्याम्पसको वातावरणमा नयाँ जोश र जाँगर थप्ने तथा सौहार्द्रपूर्ण वातावरण सिर्जना गर्न टेवा पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो।

समारोहमा विभागका सहप्राध्यापक मन्दिरा ताम्राकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

# प्राकृतिक विज्ञान संग्रहालयमा साइटिससम्बन्धी जागरण कार्यक्रम

काठमाडौं। त्रिभुवन विश्वविद्यालय प्राकृतिक विज्ञान संग्रहालयले विश्व जन्तु कोष नेपाल कार्यक्रमको सहयोगमा आयोजना गरेको वन्यजन्तुको अवैध व्यापार रोकथाम गर्ने महासन्धि (साइटिस)सम्बन्धी २ हप्ते जनचेतनामूलक कार्यक्रम तथा ट्याक्सीडर्मी तालिम जेठ २५ गते सम्पन्न भएको छ।

प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, वन फडानी र अतिक्रमण, चरिचरन, आगलागी, बाढी पहिरो आदि कारणले नेपालमा प्रतिदिन वन सम्पदा क्षय भइरहेको तथा वन्यजन्तुको अवैध व्यापार बढिरहेकोले त्यसको रोकथामका लागि जनचेतना जगाउने उद्देश्यले आयोजना गरिएको सो कार्यक्रममा उच्च शिक्षा र उच्च माध्यमिक शिक्षाका विद्यार्थीहरू, विभिन्न क्याम्पसका शिक्षकहरू, वन विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका गेमस्काउट, रेन्जरहरूको सहभागिता रहेको थियो।

संग्रहालयका अनुसार नेपालमा हालसम्म पाइएका २०८ प्रजातिका स्तनधारीमध्ये ६२, सरिसृपका एक सय प्रजातिमध्ये १४, पुलतीका ६६५ प्रजातिमध्ये ३ प्रजाति र पक्षीतर्फ ८२ प्रजाति साइटिसमा सूचीकृत गरिएको छ। तर ५ सयभन्दा बढी अन्य कीटको तथ्यांक राखिसकिएको र तिनीहरूको अवैध व्यापार भइरहेको अवस्थामा पनि कुनैलाई पनि साइटिसको अनुसूचीमा समावेश गरिएको छैन।

प्राकृतिकरूपले मृत्यु भएका जनावर पनि राष्ट्रिय सम्पदा र संरक्षणका लागि वैज्ञानिक सामग्री हुन सक्ने ज्ञान सर्वसाधारणमा नभएको र त्यस्ता वन्यजन्तु पनि मानवको हितमा प्रयोग गर्न सकिने तर शिकार गर्नु अपराध हुने र सजायको भागीदार बन्नुपर्ने प्रावधानबारे तालिम कार्यक्रममा जानकारी दिइएको थियो।

संग्रहालय प्रमुख प्रा.डा. केशव श्रेष्ठले तालिम कार्यक्रमको महत्त्वबारे प्रकाश पार्दै संग्रहालयमा यस्ता जफत गरिएका नमुनाहरूलाई वैज्ञानिक तवरले सूचीकृत गरी स्वदेशी, विदेशी विद्यार्थी तथा जनमानसको लागि विगत ३४ वर्षदेखि प्रदर्शन गर्दैआएको र संग्रहालयमा नेपालमा पाइने वन्यजन्तुमध्ये ६० प्रतिशत नमुना संग्रह रहेको जानकारी दिनुभयो।

कार्यक्रममा सह प्रा. श्रीमती पुष्प केशरी श्रेष्ठ, सह प्रा. भैया खनाल, सह प्रा. श्रीमती निर्मला प्रधान, डा. मुकेश चालिसे तथा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका जीवन रिजाललगायतले वनस्पति, प्राणी, कीट तथा तिनको परीक्षणसम्बन्धमा जानकारी गराउनुभएको थियो।

# कर्मचारी संघका पदाधिकारीद्वारा पदभार ग्रहण

काठमाडौं । त्रिभुवन विश्वविद्यालय कर्मचारी संघ केन्द्रीय समितिका नवनिर्वाचित पदाधिकारीहरूले जेठ ३१ गते एक समारोहका बीच पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् ।

उहाँहरूलाई केन्द्रीय निर्वाचन समितिका अध्यक्ष भगीरथ काफ्लेले पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको थियो ।

संघका निवर्तमान अध्यक्ष शम्भुप्रसाद भट्टराईको सभापतित्वमा भएको सो समारोहमा नवनिर्वाचित अध्यक्ष भोजकुमार बस्नेत, निवर्तमान उपाध्यक्ष पदमबहादुर विष्ट, निवर्तमान कोषाध्यक्ष चूडामणि बसेल, पूर्व अध्यक्ष शुद्धबहादुर तण्डुकार, त्रि.वि. प्रगतिशील कर्मचारी संगठनका अध्यक्ष बैकुण्ठ थपलिया, त्रि.वि. प्रजातन्त्रवादी कर्मचारी समूहका अध्यक्ष भोजराज राउतलगायतले मन्तव्य राख्नुभएको थियो।



त्रिभुवन विश्वविद्यालय कर्मचारी संघ केन्द्रीय समितिका नवनिर्वाचित पदाधिकारीहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराइदै । *(तस्वीर : त्रि.वि. सूचना शाखा)*

# कर्मचारी संघ निर्वाचनमा प्रजातन्त्रवादी समूह विजयी

काठमाडौं । त्रिभुवन विश्वविद्यालय कर्मचारी संघ केन्द्रीय समितिको वैशाख ३१ र जेठ ३ गते भएको ९औं निर्वाचनमा भोजकुमार बस्नेतको अध्यक्षतामा त्रि.वि. प्रजातन्त्रवादी कर्मचारी समूहको प्यानल विजयी भएको छ ।

विजयी हुने वरिष्ठ उपाध्यक्षमा इन्द्रबहादुर शाक्य, उपाध्यक्षहरूमा कामेश्वरप्रसाद यादव, रामराजा श्रेष्ठ, चिरन्जीवी चापागाई, श्रीमती गंगा क्षेत्री र राजाराम प्रसाद श्रेष्ठ, महासचिवमा वासुप्रसाद वास्कोटा, सचिवमा पुण्यप्रसाद आचार्य तथा कोषाध्यक्षमा केशवराज भट्टराई हुनुहुन्छ ।

त्यसैगरी सदस्यमा सुश्री वसन्ती थापा, गजेन्द्रनारायण कर्ण, सुश्री इन्दिरा खवास, देवलाल हजरा, श्रीमती निर्जा पोखरेल, विन्द्रेशकुमार झा, श्रीमती तिर्सना रावत, कालीप्रसाद रोस्यारा, रामबहादुर मगर, सहदेव चौधरी र प्रकाश न्यौपाने विजयी हुनुभएको छ ।

निकटतम प्रतिद्वन्द्वी त्रि.वि. प्रगतिशील कर्मचारी संगठन रहेको सो निर्वाचनमा नेपाल राष्ट्रिय कर्मचारी संगठन त्रि.वि. केन्द्रीय संगठन समिति र त्रि.वि. लोकतान्त्रिक प्रजातन्त्रवादी कर्मचारी समूह गरी ४ वटा समूहले प्रतिस्पर्धा गरेका थिए।

# पाठ्यक्रम प्रबोधीकरण गोष्ठी सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय डीन कार्यालयको तत्वावधानमा शिक्षा आधार विषय समितिले फ्याकल्टी विकास कार्यक्रमअन्तर्गत महेन्द्र रत्न क्याम्पसमा आयोजना गरेको शिक्षा विषयहरूको पाठ्यक्रम प्रबोधीकरण (कोर्स डिसेमिनेशन) सम्बन्धी २ दिने कार्यशाला गोष्ठी जेठ २९ गते सम्पन्न भएको छ ।

काठमाडौं उपत्यकाभित्रका आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरूका ४१ जना सम्बद्ध विषयका प्राध्यापकहरूले भाग लिएको सो गोष्ठीमा प्रा.डा. प्रेमनारायण अर्याल, प्रा. उपेन्द्रकुमार कार्की र सह प्रा. माधवप्रसाद ढकालले छुट्टा छुट्टै कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो ।

शिक्षा आधार विषय समितिका अध्यक्ष प्रा. उपेन्द्रकुमार कार्कीले गोष्ठीको सभापतित्व गर्दै यस विषयको गोष्ठी उपत्यकाबाहिर पनि चाँडै नै सञ्चालन गरिने जानकारी दिनुभयो ।

## सेडाको वार्षिकोत्सव.......

नयाँ नयाँ विश्वविद्यालयहरू खुल्ने क्रम बढेर हालसम्म ७ वटा पुगिसकेको भए पनि अझै पनि त्रि.वि.ले नै उच्च शिक्षाका कुल विद्यार्थीको ९२ प्रतिशत भार बेहोरिरहेको बताउनुभयो ।

कार्यक्रममा प्राध्यापक संघ सेडा एकाइकी श्रीमती मेनका श्रेष्ठले स्वागत मन्तव्य दिनुभएको थियो भने कर्मचारी संघ सेडा एकाइकी श्रीमती सीता खनालले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सोही समारोहमा उपकुलपति प्रा.डा. शर्माले सेडाको विकासमा उत्कृष्ट योगदान पुऱ्याएका शिक्षक तथा कर्मचारीको सम्मान गर्नुभएको थियो ।

# त्रि.वि.मा अनुसन्धानको अवस्था र अनुसन्धान महाशाखाः छोटो समीक्षा

*प्रा.डा. कृष्णबहादुर थापा*

विश्वविद्यालय उच्च शिक्षासम्बन्धी पठन-पाठनको केन्द्र मात्र नभई उच्च अनुसन्धानको केन्द्र पनि हो र हुनुपर्दछ। यद्यपि सतहीमा हेर्दा यी दुई विधा पठन-पाठन र अनुसन्धान छुट्टाछुट्टै विषय हुन् जस्तो लाग्दछ, तापनि यी दुई विधा एकै सिद्धान्तका दुई पाटा जस्तै विषय हुन्। यी दुई विधा एक अर्कासँग अलग्ग हुनै सक्दैनन्। यदि यी दुई विधालाई विश्वविद्यालयको प्राज्ञिक गतिविधिमा एक अर्काका परिपुरकका रूपमा लैजान सकिएन भने वा लगिएन भने एकातिर यी दुई विधा नै अपूर्ण र अपाङ जस्तै हुन्छन् भने अर्कोतिर विश्वविद्यालयको प्राज्ञिक गति नै रोकिन्छ। पठन-पाठनको विषयवस्तु र प्रकृयाले अनुसन्धानको लागि विषयवस्तु दिई रहेको हुन्छ भने सम्बन्धित विषयवस्तुको अनुसन्धानले पठन-पाठनको विषयलाई अग्रगति दिन्छ र स्तरवृद्धि गराउँदछ। त्यसैले कुनै पनि विश्वविद्यालयको अध्ययन अध्यापनमा अनुसन्धान जोडिएर आउने विषयवस्तु हो। विश्वविद्यालयको प्राज्ञिक गतिविधिमा यी दुईको समुचित र समन्वयात्मक हिसावले विकास गर्न सके मात्र विश्वविद्यालयको प्राज्ञिक स्तर सुनिश्चित हुन्छ।

त्रि.वि.को सन्दर्भमा हेर्दा यी दुवै विषयलाई आवश्यक हिसावले जोडेर वा सँगसँगै लग्ने काम ठीकसंग हालसम्म हुन सकेको पाईदैन। अझ, त्रि.वि.को इतिहासमा यसको पहिलो चरणलाई हेर्ने हो भने त्यसबेला अनुसन्धानलाई बेवास्ता नै गरेको पाइन्छ। त्यस चरणमा त्रि.वि.को ध्यान मुख्यतः पठन-पाठनमा नै रहेको देखिन्छ। त्रि.वि.को शैक्षिक इतिहासमा यो अवस्था प्रारम्भदेखि २०३० सालसम्म रह्यो। २०३० सालमा आएर नयाँ शिक्षा योजना कार्यान्वयन गर्ने क्रममा केही अनुसन्धान केन्द्रहरु स्थापना गरियो भने त्यसबेला त्रि. वि. बाहिर रहेका केही

**त्रि.वि.मा एकातिर त्रि.वि.को शैक्षिक उन्नयनका लागि आवश्यक पर्ने अनुसन्धानसम्म हुन सकेको छैन भने अर्कोतिर अनावश्यक र उपयोगविहीन अनुसन्धानहरू पनि भइरहेका छन्।**

अनुसन्धान केन्द्रलाई त्रि.वि.मा समावेश गराइयो। त्यसप्रकार त्रि.वि.मा अनुसन्धान विधालाई एकाएक आवश्यकताभन्दा बढी बलियो बनाउने प्रयास भएको देखिन्छ। आवश्यकताभन्दा किन बलियो भनिएको हो भने त्यसबेला केही अनुसन्धान केन्द्रहरू त्रि.वि.मा समावेश गराइनुको औचित्य पुष्टि भएको थिएन र तिनको समावेश त्रि.वि.को चाहना अनुसार भएको पनि थिएन। त्यसैले हुन सक्छ त्यस्ता अनुसन्धान केन्द्रहरू स्थापना हुँदा र समावेश गराइँदा ती केन्द्रहरूलाई त्रि.वि.को पठन-पाठनमा सहभागी गराउने काम भएन। त्रि.वि.मा पठन-पाठनसँग सम्बन्धित व्यक्तिहरूले अर्थात् त्रि.वि. का शैक्षिक जनशक्तिलाई अनुसन्धान केन्द्रहरूसँग सम्बन्धित गराइएन। त्यस्ता केन्द्रद्वारा सञ्चालन गरिने अनुसन्धानको लागि शोधकर्ताका रूपमा बेग्लै दरवन्दी सिर्जना गरेर तिनीहरूद्वारा नै अनुसन्धान गराउने कार्य भयो। अनुसन्धान कार्यका लागि नियुक्त भएका त्यस्ता व्यक्तिलाई अनुसन्धान गरे वापत विशेष भत्ता सुविधा दिने व्यवस्था समेत भयो। अनुसन्धान केन्द्रद्वारा त्यसरी गराइने अनुसन्धानहरू त्रि.वि.को पठन-पाठन विषयसँग विरलै सम्बन्धित गराइयो। त्यसप्रकार, अनुसन्धान केन्द्रहरूलाई त्रि.वि.को संरचनाभित्र राखिए तापनि तिनीहरू विशेष सुविधा प्राप्त निकायका रूपमा देखा परे। ती अनुसन्धान केन्द्रहरूमा न विश्वविद्यालयको अध्ययन अध्यापनमा स्तरीयता वृद्धि हुने खालको अनुसन्धान नै हुन सक्यो न ग्राहकमुखी अनुसन्धान गरेर केन्द्रहरू र विश्वविद्यालयलाई आर्थिक लाभ दिलाउन सक्यो। हुँदाहुँदा पछि झन अनुसन्धान केन्द्रहरू अनुसन्धान गतिविहीन हुँदै गए भने अर्कोतिर त्रि.वि.का लागि अनुसन्धान केन्द्रहरू सेता हात्ती बराबर भए। त्रि.वि. अन्तर्गत गरिने उच्चस्तरका उपाधिमूलक अनुसन्धानहरू सबै सम्बन्धित केन्द्रीय विभागहरू आफैले वा केही सम्बन्धित डीन कार्यालयको समन्वयमा गर्दै आएका छन्। त्यस्ता अनुसन्धानसँग अनुसन्धान केन्द्रको कुनै सम्बन्ध भएन। त्यसले पनि वर्तमान अवस्थामा आएर त्रि.वि.का अनुसन्धान केन्द्रहरू उपादेयताविहीन भएका छन् र उनीहरूको अस्तित्वमा समेत प्रश्नचिन्ह खडा भएको अवस्था छ। यसो हुनुमा अनुसन्धान केन्दहरू मात्र जिम्मेवार भने छैनन्, त्रि.वि.को नीतिगत कमी कमजोरी समेत यसका लागि

जिम्मेवार छ ।

त्रि.वि.अन्तर्गत सबै अनुसन्धान र अनुसन्धान केन्द्रहरूलाई समन्वय गर्ने उद्देश्यले शिक्षाध्यक्ष अन्तर्गत अनुसन्धान महाशाखा खडा भएको हो । त्यसैले नीतिगत हिसावले अनुसन्धान महाशाखा अनुसन्धान समन्वय परिषद्को सचिवालय पनि हो र यस समन्वय परिषदको अध्यक्ष शिक्षाध्यक्ष र पदेन सदस्य सचिव अनुसन्धान महाशाखाको प्रमुख रहने व्यवस्था भएको पाइन्छ । यस परिषद्मा अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकहरू सदस्य रहने व्यवस्था रहेको छ । तर कार्यरूपमा हेर्ने हो भने यो व्यवस्था नियममा मात्रै सीमित भएको पाइन्छ । शिक्षाध्यक्षको कार्यालयले अनुसन्धान महाशाखा मार्फत न कहिल्यै त्रि.वि. अन्तर्गतका अनुसन्धान केन्द्रहरू र अनुसन्धान परियोजनाहरूलाई समन्वय र अनुगमन गर्ने कार्य ठोस रूपमा गरेको पाइन्छ न अनुसन्धान केन्द्रहरूले त्यसतर्फ ध्यान दिएको पाइन्छ । अनुसन्धान केन्द्रहरूलाई यति बढी स्वायत्तता दिइएको छ कि उनीहरूले त्यस्तो समन्वयको आवश्यकता महसुस गर्ने पर्दैन । त्रि.वि. अन्तर्गतका अनुसन्धान केन्द्रहरूमा अनुसन्धान कार्य न्यून भैरहेको र सबै केन्दहरू समन्वयात्मक ढंगले अघि बढ्नु पर्ने हालको अवस्थामा समेत समन्वयको आवश्यकता कतैबाट महसुस भएको देखिदैन । जे जति अनुसन्धानका काम भइरहेको छ ती सबै आ-आफ्नो प्रकारले भइरहेको अवस्था छ। यसले गर्दा त्रि.वि.मा एकातिर त्रि.वि.को शैक्षिक उन्नयनका लागि आवश्यक पर्ने अनुसन्धानसम्म हुन सकेको छैन भने अर्कोतिर अनावश्यक र उपयोगविहीन अनुसन्धानहरू पनि भइरहेका छन् । यसले गर्दा त्रि.वि.का अनुसन्धान केन्द्रहरू र अनुसन्धान महाशाखाको उपादेयता भै प्रश्न उठ्ने अवस्था देखा परिसकेको छ ।

माथि उल्लेख भएअनुसार त्रि.वि.का विभिन्न निकायद्वारा गरिने/गराइने अनुसन्धान कार्यको समन्वय गर्ने कार्य बाहेक अनुसन्धान महाशाखालाई नियमतः अन्य दायित्व पनि दिएको छ। यी दायित्व भने अनुसन्धान महाशाखाले जे जस्तो रूपमा भए पनि निर्वाह गर्दै आएको छ। अनुसन्धान महाशाखाले गर्दै आएको अन्य कार्यमा त्रि.वि. जर्नल प्रकाशन, लघुअनुसन्धान परियोजना सञ्चालन, विदेशी अनुसन्धानकर्ता र विद्यार्थीलाई सम्बन्धन दिने र समन्वय गर्ने आदि छन् । तर हाल आएर यी कार्यको सञ्चालनमा समेत परिवर्तन भएको छ र परिवर्तन हुनुपर्ने आवश्यकता पनि छ । अनुसन्धान केन्द्रहरू र महाशाखाले त्रि.वि.का विविध शैक्षिक अंगहरूको आवश्यकता अनुसारको अनुसन्धान/ प्रकाशन गर्न नसकेकाले अथवा नगरेकाले ती अंगहरूले आ-आफ्नै हिसावले अनुसन्धान गर्ने/गराउने, जर्नलहरू प्रकाशन गर्ने आदि कार्यहरू गर्न थालिसकेका छन् । त्यसबाहेक, त्रि.वि. सूचना शाखाले त्रि.वि.को गतिविधिलाई समेटी बुलेटिन प्रकाशित गर्दै आएको छ। यस्तो परिस्थितिमा त्रि.वि.अनुसन्धान महाशाखाले प्रकाशन गर्ने त्रि.वि. जर्नल प्रकाशनको उपादेयता समाप्त भइसकेको अथवा अत्यन्त न्यून भएको अवस्था छ। यसमा थप त्रि.वि. जर्नलको नियमित प्रकाशन समेत हुन नसकेको अवस्था छ । अतः अनुसन्धान महाशाखाद्वारा हुँदै आएको यो कार्यमा समेत प्रश्नचिन्ह खडा भइसकेको अवस्था छ । त्यस्तै अवस्था महाशाखाद्वारा सञ्चालित अघुअनुसन्धान परियोजनाको छ। यसको नियमितता पनि छैन भने अर्कोतिर त्रि.वि.का अनुसन्धान केन्द्रहरू र केही अन्य अंगले समेत यस्तै कार्य गर्दै आएका छन् । हाल केही वर्ष यता आएर विश्वविद्यालय अनुदान आयोगले समेत लघुअनुसन्धान कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस्तो अवस्थामा अनुसन्धान महाशाखाले अनियमित किसिमले लघुअनुसन्धान परियोजना सञ्चालन गर्नुपर्ने आवश्यकता पनि देखिदैन । त्यस्तै त्रि.वि.मा अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र स्थापना भइसकेको वर्तमान परिप्रेक्ष्यमा विदेशी अनुसन्धानकर्ता र विद्यार्थीलाई समन्वय गर्ने र सम्बन्धन दिने कार्य पनि उसैले गर्दा बढी न्यायोचित हुन आउँछ । त्यसैले पनि यो कार्यलाई अनुसन्धान महाशाखाले निरन्तरता दिनु उपयुक्त देखिँदैन ।

यसरी वर्तमान अवस्थामा त्रि.वि. अनुसन्धान महाशाखाले गर्दै आएको कार्यमा व्यापक परिवर्तन आइसकेको छ । यही परिप्रेक्ष्यले गर्दा अनुसन्धान महाशाखाका कार्यहरूलाई गम्भीर मूल्याङ्कन गरी यसलाई अत्यावधिक र कामकाजी तुल्याउनेतर्फ शीघ्र ध्यान जानु पर्ने अवस्था आइसकेको देखिन्छ। तर यसो गर्दा ध्यान दिनुपर्ने कुरा के हुन्छ भने अनुसन्धान महाशाखाको सुधारको प्रयत्न गर्दा यससंग सम्बन्धित सबै निकाय र समान कार्य गर्दै आएका त्रि.वि.का सबै संस्थाको मूल्याङ्कन गर्नु पर्ने त्यतिकै आवश्यकता छ । त्यसरी सम्बन्धित सबै निकायको समष्टीमा मूल्याङ्कन गरेर मात्र अनुसन्धान महाशाखालाई कामकाजी, चुस्तदुरुस्त र उपयोगी बनाउन सकिन्छ । पहिलेको परिस्थितिमा धेरै कुरा परिवर्तन भइसकेको हालको अवस्थामा त्रि.वि. अनुसन्धान महाशाखालाई यथास्थितिमा राखी राख्नु अनावश्यक ठहर्छ। अझै स्पष्ट भन्ने हो भने अनुसन्धान महाशाखालाई मात्र होइन त्रि.वि.का अनुसन्धानसँग सम्बन्धित सबै निकायलाई चुस्तदुरुस्त तुल्याउनु आवश्यक छ। यसका लागि हाल त्रि.वि.मा रहेका अनुसन्धानसँग सम्बन्धित निकायहरू बढी तर तिनका काम कम रहेको अवस्थालाई उल्ट्याई निकायहरू कम र तिनीहरूका काम बढी हुने अवस्था सिर्जना गर्न सक्नु पर्दछ । अन्यथा त्रि.वि.मा अनुसन्धान विधाको उन्नयन असम्भव देखिन्छ ।

# प्राध्यापक, सह प्राध्यापक र उप प्रध्यापक पदमा नियुक्ति

**त्रिभुवन विश्वविद्यालयले विभिन्न महानुभावहरूलाई त्रि.वि. सेवा आयोगको सिफारिशमा निम्नअनुसार नियुक्त गरेको छः**

**प्राध्यापकः**

| नाम | विषय | नियुक्ति स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| डा. सरला प्रधान जोशी | नर्सिङ | नर्सिङ क्याम्पस,महाराजगञ्ज | २०६५।९।१६ |
| डा. लोचनप्रसाद देवकोटा | ,, | जल तथा मौसम वि.केन्द्रीय विभाग,कीर्तिपुर | २०६५।१२।१४ |
| श्री रूपकमान राजभण्डारी | मेटेरियोलोजी | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, |
| डा. समीरा लुईटेल | समाजशास्त्र | शिक्षा विकास तथा अनुसन्धान केन्द्र, | ,, |
| श्री प्रभाकरलाल दास | समाजशास्त्र | समाजशास्त्र/मानवशास्त्र के.वि.कीर्तिपुर | ,, |
| डा. ऋतुप्रसाद गड्तौला | मेडिकल एन्थ्रोपोलोजी | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | २०६५।१२।१७ |
| श्री केशव सिटौला | गणित | गणित केन्द्रीय विभाग,कीर्तिपुर | ,, |
| श्री प्रकाशरत्न शाक्य | ,, | अमृत क्याम्पस,ठमेल | ,, |
| डा.नरेन्द्रनाथ तिवारी | आयुर्वेद | आयुर्वेद क्याम्पस,कीर्तिपुर | २०६५।१२।१८ |
| डा. धनिकलाल भरखेर | ,, | ,, | ,, |
| श्री रतीश झा | संस्कृत | ,, | ,, |
| डा. चन्द्रराज सापकोटा | आयुर्वेद | ,, | ,, |
| डा. देव बहादुर रोका | ,, | ,, | ,, |
| डा. वीणा पौड्याल(घिमिरे) | संस्कृति | नेपाली ई.सं.तथा पुरातत्व विभाग,कीर्तिपुर | २०६५।१२।१९ |
| डा. ईश्वर लोहनी | जनरल सर्जरी | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | ,, |

**सह प्राध्यापकः**

| | | | |
|---|---|---|---|
| श्री बद्रीप्रसाद पौडेल | ,, | ,, | २०६५।१२।१७ |
| डा. रामेश्वर अधिकारी | आयुर्वेद | आयुर्वेद क्याम्पस,कीर्तिपुर | २०६५।१२।१८ |
| डा. कृष्ण अर्जुन प्रधानांग | ,, | ,, | ,, |
| डा. पलेस्वाँ जोशी, लाखे | जनरल सर्जरी | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | २०६५।१२।१९ |
| डा. केसाङ्ग डिकी भाटसो विष्ट | अब्स एण्ड गाइनेकोलोजी | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | २०६५।१२।२४ |
| श्री चिरिञ्जिवी खनाल | पत्रकारिता | रत्नराज्यलक्ष्मी क्याम्पस,प्रदर्शनीमार्ग | २०६६।१।२८ |
| श्री प्रवलराज पोखरेल | पत्रकारिता | रत्नराज्यलक्ष्मी क्याम्पस,प्रदर्शनीमार्ग | २०६६।१।२८ |

**उप प्राध्यापकः**

| | | | |
|---|---|---|---|
| श्री सूर्यकान्त घिमिरे | बाली प्रजनन | रामपुर क्याम्पस,रामपुर | २०६५।१०।१५ |
| श्री पूर्णानन्द भट्ट | कृषि प्रसार | रामपुर क्याम्पस,रामपुर | ,, |
| डा. पविना रायमाझी | इ.एन.टी. | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | २०६५।११।२६ |
| डा.रविन्द्रभक्त प्रधानाङ्ग | ,, | ,, | ,, |
| डा. रत्नमणी गजुरल | इण्टर (जनरल)मेडिसिन | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | २०६५।११।२६ |
| श्री मुकेशकुमार सिंह | पशु विज्ञान | ,, | ,, |
| श्री कल्याणी मिश्र | बागबानी विज्ञान | ,, | ,, |
| श्री मातृकाप्रसाद जमरकट्टेल | पशु विज्ञान | ,, | ,, |
| श्री निरञ्जनप्रसाद शाह तेली | मेडिकल बायोटेक्नोलोजी | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | २०६६।१।२९ |
| डा. रमेशकुमार महर्जन | जनरल प्राक्टिस | ,, | ,, |

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छः

| शिक्षक/कर्मचारीको नाम | कार्यालयको नाम | पद | अवकाश लागु मिति |
|---|---|---|---|
| श्री बलराम पराजुली | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | सहायक प्रशासक | २०६५।७।१६ |
| श्री रामनारायण पाठक | नर्सिङ्ग क्याम्पस,नेपालगञ्ज | सहायक प्रशासक | २०६५।१०।१९ |
| श्री सीताराम अधिकारी | भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | सह प्राध्यापक | २०६५।१०।२१ |
| श्री जगदिश देव अधिकारी | पब्लिकयूथ क्यामपस,धोबिचौर | उप प्रशासक | २०६५।१०।२३ |
| श्री प्रेमलाल श्रेष्ठ | ललितकला क्याम्पस,भोटाहिटी | सहायक लाइब्रेरियन | २०६५।१०।२३ |
| श्री रामविलास मण्डल | रारा बहुमुखी क्याम्पस, जनकपुर | उप प्रशासक | २०६५।११।६ |
| श्री रामेश्वर श्रेष्ठ | रत्नराज्यलक्ष्मी क्याम्पस,प्रदर्शनीमार्ग | सहायक प्रशासक | २०६५।११।६ |
| श्री पद्मलाल श्रेष्ठ | पक्लिहवा क्याम्पस,भैरहवा | भण्डार अधिकृत | २०६५।११।१४ |
| श्री राजेन्द्रबहादुर प्रधान | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | सह प्राध्यापक | २०६५।१२।१ |
| श्री विष्णुप्रसाद घिमिरे | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर,चितवन | सह प्राध्यापक | २०६५।१२।२ |
| श्रीमती सौभाग्यवती रंजित | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | उप प्राध्यापक | २०६५।१२।३ |
| श्री रामभक्त महर्जन | अर्थशास्त्र केन्द्रीय विभाग,त्रि.वि.कीर्तिपुर | सहायक प्रशासक | २०६५।१२।६ |
| श्री लक्ष्मीप्रसाद शर्मा पौडेल | महेन्द्र बहुमुखी क्याम्पस,वाग्लुङ्ग | सह प्राध्यापक | २०६५।१२।७ |
| श्री नरसिंह महर्जन | अमृत क्याम्पस, ठमेल | फिल्डम्यान | २०६५।१२।१५ |
| श्री लक्ष्मीदेवी पोडे | भौतिकशास्त्र केन्द्रीय विभाग,त्रि.वि.कीर्तिपुर | दक्ष कुचिकार | २०६५।१२।१६ |
| श्री सेते खत्रि (लाटो) | शिक्षाशास्त्र केन्द्रीय विभाग,त्रि.वि.कीर्तिपुर | फिल्ड म्यान | २०६५।१२।१६ |
| श्री चन्द्ररमण पराजुली | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६५।१२।१९ |
| श्री कृष्णबहादुर महर्जन | प्रिन्सिपलको कार्यालय, त्रि.वि.कीर्तिपुर | हेड ईलेक्ट्रीसियन | २०६५।१२।२२ |
| श्रीमती मिरादेवी मास्के | केन्द्रीय प्रविधि क्याम्पस,धरान | सह प्राध्यापक | २०६५।१२।२२ |
| डा. बालकुमार केसी | जनसंख्या अध्ययन केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६५।१२।२४ |
| श्री सुरेशकुमार तिमिल्सिना | महेन्द्र मोरङ आ.ब.क्याम्पस,विराटनगर | लेखा अधिकृत | २०६५।१२।२४ |
| श्री रूद्रबहादुर प्रधान | अमृत साइन्स क्याम्पस,लैनचौर | सह प्राध्यापक | २०६५।१२।२८ |
| श्रीमती गीता रेग्मी | पाठ्यक्रम विकास केन्द्र,कीर्तिपुर | सह प्राध्यापक | २०६५।१२।२९ |
| श्री प्रकाशरत्न शाक्य | अमृत क्याम्पस,लैनचौर | सह प्राध्यापक | २०६५।१२।३१ |
| श्री तुईलाल श्रेष्ठ | पुल्चोक क्याम्पस,पुल्चोक | सिनियर पियन | २०६६।१।५ |
| डा. भगवती उपाध्याय | पद्मकन्या बहुमुखाी क्याम्पसारबागबजार | सह प्राध्यापक | २०६६।१।८ |
| श्री शम्शेरबहादुर तामाङ | त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय,बल्खु | सि.ड्राइभर | २०६६।१।१५ |
| श्री पुष्कर प्रजापती | सानोठिमी क्याम्पस, सानोठिमी | सह प्राध्यापक | २०६६।१।१८ |
| श्री रामनारायण दास कायस्थ | ठाकुरराम बहुमुखी क्याम्पस,बीरगञ्ज | सह प्राध्यापक | २०६६।१।१८ |
| श्री हरिकृष्ण उपाध्याय | सामान्य प्रशासन महाशाखा, त्रि.वि.कीर्तिपुर | सि.पियन | २०६६।१।१८ |
| डा. विश्वकेशर मास्के | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६५।१।१९ |
| श्री मोहन गोविन्द श्रेष्ठ | केन्द्रीय प्रविधि क्याम्पस,धरान | सहायक प्रशासक | २०६६।१।२० |
| श्री पद्मा सुन्दरी श्रेष्ठ | थापाथली क्याम्पस,थापाथली | उप प्रशासक | २०६६।१।२१ |
| श्री विमला श्रेष्ठ | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | हेड असिष्टेण्ट | २०६६।१।२४ |
| श्री बाबुकाजी बज्राचार्य | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | भण्डारपाल | २०६६।१।२५ |
| श्रीमती लक्ष्मी श्रेष्ठ ठाकुर | नर्सिङ्ग क्याम्पस,महाराजगञ्ज | सह प्राध्यापक | २०६६।१।२८ |
| श्री जगन्नाथ श्रेष्ठ | केन्द्रीय प्रविधि क्याम्पस,धरान | सह प्राध्यापक | २०६६।१।२८ |
| श्रीमती पन्नाशोभा कंसाकार | अमृत साइन्स क्याम्पस,लैनचौर | सह प्राध्यापक | २०६६।१।३० |

**क्याम्पस प्रमुखहरूको........**

जानकारी दिएकोले क्याम्पस प्रमुखहरूले अब थप मनोवल र आत्मविश्वासका साथ काम गर्नसक्ने विश्वास व्यक्त गर्नुभयो ।

सहभागीका तर्फबाट रामपुर क्याम्पसका प्रमुख डा. ईश्वरीप्रसाद ढकालले गोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्रहरू व्यावहारिक रहेको र आफूहरूले कामको सिलसिलामा भोगिरहेको समस्या सम्बोधन गर्ने खालकै पाएको बताउँदै गोष्ठीको व्यवस्थापन पक्षमा कमजोरी र संवादहीनताको स्थिति भने खट्किएको अनुभव सुनाउनुभयो ।

अर्का सहभागी धनकुटा क्याम्पसका प्रमुख विष्णु मादेनले नयाँ नयाँ जानकारी र ज्ञान गोष्ठीको क्रममा प्रशस्त दिइए तापनि क्याम्पसहरूले प्रमुख रूपमा सामना गरिरहेको आर्थिक समस्याको समाधान दिन भने गोष्ठी त्यति सफल भएको आफूले नपाएको बताउनुभयो ।

त्यसैगरी अर्का सहभागी महेन्द्र बहुमुखी क्याम्पस दांगका प्रमुख राधाकुमारी साहले त्रि.वि. र क्याम्पसको समस्या समाधान गर्ने दायित्व पदाधिकारीहरूको मात्र नभइ आफूहरू सबैको भए तापनि क्याम्पसको समस्या अवगत गर्न पदाधिकारीहरू आफै क्याम्पसको प्रत्यक्ष निरीक्षणमा आएमा क्याम्पसको समस्यालाई निकटबाट बुझ्न सजिलो हुने बताउनुभयो ।

सहभागीकै तर्फबाट महेन्द्र मोरंग क्याम्पस विराटनगरका प्रमुख जीवनारायण झाले देशमा स्थापना भएको लोकतान्त्रिक व्यवस्थाको खुला अभ्यास त्रि.वि.का क्याम्पस/ कार्यालयहरूमा पनि हुन थालेकाले त्रि.वि. अब जागिसकेको आभास दिलाएको र यसले देशलाई नै बाटो देखाउने आशा गर्न सकिने बताउनुभयो ।

त्यसैगरी अर्का सहभागी महेन्द्र बहुमुखी क्याम्पस नेपालगंजका प्रमुख राजितराम पाठकले क्याम्पसमा भर्ना भए तापनि कक्षामा उपस्थित नहुने विद्यार्थीहरूलाई कसरी नियमित गराउने भन्ने कुरा चुनौतीको रूपमा रहेको बताउँदै त्रि.वि.को गुणस्तरीय उत्पादनमा समेत प्रभाव पारिरहेको यो समस्याको समाधान निकाल्न त्रि.वि.ले अविलम्ब सोच्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमको अन्त्यमा इन्जिनीयरिङ अध्ययन संस्थानका डीन बाबुराम भट्टराईले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

गोष्ठीको क्रममा जेठ २३ गते उपत्यकाबाहिरका क्याम्पस प्रमुखहरू र त्रि.वि.का विभिन्न महाशाखा र शाखाका प्रमुखहरूबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । अन्तरक्रियामा त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य, रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीका साथै विभिन्न अध्ययन संस्थानका डीनहरू पनि उपस्थित हुनुहुन्थ्यो ।

ललितपुरस्थित इन्जिनीयरिङ अध्ययन संस्थानमा आयोजित सो गोष्ठीको उद्घाटन त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले जेठ १७ गते गर्नुभएको थियो ।



**त्रि.वि.का आंगिक क्याम्पसका प्रमुखहरू र त्रि.वि.का विभिन्न महाशाखा र शाखाका प्रमुखहरूबीच भएको अन्तरक्रियामा त्रि.वि.का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य, रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीका साथै विभिन्न अध्ययन संस्थानका डीनहरू पनि सहभागी हुनुहुँदै ।** *(तस्वीर : त्रि.वि. सूचना शाखा)*


| | | |
|---|---|---|
| **प्रकाशक** | : | सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६ |
| E-mail | : | tuinformation@yahoo.com |
| Website | : | www.tribhuvan-university.edu.np |
| **सम्पादक** | : | कृष्णा लाल क्षेत्री |
| **सहायक सम्पादक** | : | राजेश वज्राचार्य |
| **कम्प्युटर सेटिंग** | : | पद्मरत्न चित्रकार |
| **मुद्रक** | : | त्रि.वि. छापाखाना, कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१ |